Samaj Anweshan Vol. 3, No. 2 : 18 Oct.2025-13 Apr. 2026
DOI : https://doi.org/10.3126/anweshan.v3i2.87562
Research Article
ISSN: 3021-9035 Print

# भक्तपुरका मल्लकालीन सात बहालहरू

**सृजना प्रजापति**
*jane3sp@gmail.com*

## लेखसार

भक्तपुरमा बौद्ध बहाल, बहीभन्दा फरक धेरै बहालहरू रहेका छन् । यी बहालहरू मध्यकालमा मल्ल राजाहरूले आफ्ना सन्तान वा नजिकका आफन्तलाई दिइएका आवास हुन् । भक्तपुरको हालको दरबार क्षेत्र वरपर अवस्थित सात बहालहरू पनि यस्तै राजकीय स्तरका आवासीय भवनहरू हुन् । यी बहालहरूको सम्बन्ध भक्तपुरका अन्तिम राजा रणजित मल्लसँग रहेको पाइएको छ । रणजित मल्ल भक्तपुरका अन्तिम मल्ल राजा थिए । यी बहालहरूको ऐतिहासिकता र वर्तमान अवस्थाको खोजी खासै नभएको हुँदा यस अनुसन्धानले खोजी गर्ने कोसिस गरेको हो । यी बहालहरू वास्तुकला र प्रयोजनका आधारमा बौद्ध बहाल, बहीभन्दा फरक छन् । दरबारभन्दा बाहिर रहेका छन्, तर दरबारका निकट पाइन्छन् । यी बहालहरूको निर्माण कहिले र कसले गरे, यिनमा केकस्ता कला,वास्तुकला छन् ? यिनको वर्तमान अवस्था केकस्तो छ भन्ने यस अध्ययनको प्रश्न रहेको हुँदा सोको उत्तर खोज्ने कार्य यस लेखमा गरिएको छ । भक्तपुरका सात बहालहरूमध्ये दथु बहाल तथा थाथुबहाल रणजित मल्लभन्दा अगाडि नै बनिसकेको तथ्य ठ्यासफूका आधारमा पाइन्छ । यी बहालमा आवासीय भवनहरू मात्र नभएर खुल्ला चुकः (चोक), इनार, घोडा बाँध्ने किल्ला, कतिपयमा एउटा चुकःत कुनैमा दुईदेखि तीनोटासम्म चुकः रहेका पाइएको छ । खौमा बहालको उत्तरी खण्ड र कुथु बहालको पश्चिमी खण्ड कलात्मक हुनका साथै अझै पनि मौलिक स्वरूपमा रहेको पाइएको छ । सबैभन्दा कम मौलिक अंश भएको बहाल दथु बहाल तथा नासमना बहाल रहेको पाइन्छ । दुवसी बहाल र सन्तनु बहालको बनावटमा भने समानता रही अन्यको दाँजोमा सबैभन्दा कम कलात्मक रहेको तथ्य पाइएको छ ।

## शब्दकुञ्जी

चुकः, खौमा, थाथु, कुथु

## विषय प्रवेश

बहालका धेरै अर्थहरूमध्ये घरहरूले घेरिएको चोक भन्ने यहाँ सान्दर्भिक देखिन्छ । संस्कृतमा यसको अर्थ दरबारजस्तो धेरै ठुलो र चित्ताकर्षक स्थान भन्ने लाग्दछ । बहाल शब्दले बौद्ध बहाल वा बहीलाई पनि बुझाउँछ । तर भक्तपुरमा केही यस्ता बहालहरू छन्, जहाँ बौद्धधर्मका क्रियाकलाप हुँदैनन् । मल्लकालीन राजाहरूले आफ्ना सन्तान अथवा अन्य नजिकका आफन्तलाई दिइएको आवासीय वास्तु संरचना भन्ने बुझिन्छ । भक्तपुर सहरमा अन्तिम मल्ल शासकका रूपमा राजा रणजित मल्ल थिए । तिनले लामो समयसम्म भक्तपुरमा राज्य गरे । उनको शासनकालमा थुप्रै कला वास्तुकलाले फस्टाउने मौका पाएका थिए । त्यसमध्येको एक उत्कृष्ट उदाहरण भक्तपुर राजदरबारको मूलचोक पस्न बनाइएको सुनको ढोका हो (राइट, १८७७, पृ.१७१); (खतिवडा, २०७४, पृ. १००१) । रणजित मल्लका तीन रानीहरूबाट जम्मा आठ छोराहरू थिए । ब्याइतेतर्फका एक वीर नरसिंहलाई छल

गरेर चुपिंघाटमा मारेपछि सात जना बाँकी थिए। ल्याइते पत्नीहरूका तर्फबाट उनका सात राजकुमार थिए। यी राजकुमारहरू 'बहाःले' का नामले पनि प्रख्यात थिए। किनकि प्रत्येकको नाममा एक, एक गरेर सात बहाल थिए (मुनंकर्मी, २०४१, पृ. १८९)। रणजित मल्लका सात छोराहरूको नाम मनोरथ सिंह मल्ल, धनसिंह मल्ल, अवधुत (अद्भुत) सिंह मल्ल, उपेन्द्र सिंह मल्ल, अच्युत सिंह मल्ल, लक्ष्मी नरसिंह मल्ल, जय नारायण सिंह मल्ल थियो। यी राजकुमारहरूलाई दिइएका बहालहरू थाथु बहाल, दथु बहाल, कुथु बहाल, दुबसी बहाल, शान्त (सन्तनु) बहाल, खौमा बहाल, नासमना बहाल थिए (मुनंकर्मी, २०४१, पृ. १८९)। यी बहालहरू भक्तपुर राजदरबार (लायकू) का आसपास रहेका छन्।

ती सात बहालहरूमध्ये कतिपय बहालहरू हाल मासिइसकेका छन् भने कतिपय जीर्ण अवस्थामा छन्। तर जेजति रहेका छन्, तिनको वास्तुकला विशिष्ट छ। ती बहालहरूमा तात्कालीन समयको आवश्यकताअनुसार सम्पूर्ण सुविधाहरू एकै स्थानमा उपलब्ध गराइएको देखिन्छ। यिनको वास्तु संरचना कलात्मक रही तिनका बिचमा ठुलो चुकः र सानासाना दुईदेखि तीनोटा अन्य चुकःहरू, इनार, ढुङ्गेधारा, धान कुट्ने ढिकी, जातो, चिउरा कुट्ने ओखल, मुसल, घोडा बाँध्ने ढुङ्गाको किलो आदि रहेको पाइन्छ। यी तथ्यहरूबाट उक्त बहालहरूमा आफूलाई आवश्यक वस्तु एकै घेराभित्र परिपूर्ति गर्नका लागि तीनको निर्माण गरिएको तथ्य थाहा हुन्छ। यी बहालहरू वास्तुकला साथै कलाका हिसाबले अत्यन्तै महत्त्वपूर्ण छन्। यस लेखमा मध्यकालीन सम्पदाका रूपमा रहेका भक्तपुरका सात बहालहरूको ऐतिहासिकता, तिनको वास्तुकला तथा वर्तमान अवस्थाका बारे अध्ययन गर्ने जमर्को गरिएको छ।

## *अध्ययनविधि*

भक्तपुरका सात बहालको अध्ययन गुणात्मक विधिको अवलम्बन गरी गरिएको छ। यसको अध्ययनका निम्ति प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरिएको छ। प्राथमिक स्रोतका रूपमा सातैओटा बहालको अवलोकन, बहालबारे जानकार र हाल बहालसँग सम्बन्धित व्यक्तिहरूसँग अन्तरवार्ता लिई गरिएको छ। बहालमा उपलब्ध सामग्रीहरूको विवरण र तस्बिर सङ्कलन गरिएको छ। अध्ययनका क्रममा द्वितीय स्रोतको निकै अभाव रहे तापनि सम्बन्धित साहित्य सामग्रीहरूको खोजी गरिएको छ। त्यसको निम्ति पूर्व प्रकाशित पुस्तक, लेख, धरःपौ, ऐतिहासिक घटनावली, ताडपत्र आदि सामग्रीको अध्ययन गरिएको छ। यी बहालहरू मल्लकालको उत्तरार्धतिर बनेको पाइन्छ। मध्यकालको उत्तरार्धमा आएको राजनीतिक उथलपुथलले पनि यसको उल्लेख इतिहासमा कम गरिएको हुन सक्दछ। किनकि उनका कान्छा छोरा अवधूत सिंह गोर्खाली सत्ताको विरुद्धमा लागेकोले उनलाई बागी घोषणा गरियो भनी भाषा वंशावलीमा (श्रेष्ठ, २०७६, पृ. ३७) लेखिएको छ। वर्तमान समयसम्म आइपुग्दा यसका आसपास बसोबास गर्दै आएका मानिसहरूमा यसको जानकारी नरहेको र सम्बन्धित मल्लकालका बसाइँ सरेर गइसकेका हुँदा यी बहालहरू ओझेलमा पर्दै गएको देखिन्छ। भक्तपुर दरबार आसपास रहँदासमेत कम चर्चामा रहेका यी बहालहरूको अध्ययन गर्न धेरै महत्त्वपूर्ण भएको कारण यस लेखमा तीनको अध्ययन गर्न खोजिएको हो।

## *मुख्य प्राप्तिहरू*

### *भक्तपुरका सात बहालहरूको ऐतिहासिकता*

भक्तपुरमा अवस्थित सातओटा बहालहरू थाथु बहाल, सन्तनु र दुबसी बहाल, दथु बहाल, कुथु बहाल, नासमना बहाल, खौमा बहाल हुन्। रणजित मल्लका ल्याइते पत्नीहरूको तर्फबाट उनका सात राजकुमारहरू थिए। ती छोराहरूको नाम मनोरथसिंह मल्ल, धनसिंह मल्ल, अवधुत (अद्भुत) सिंह मल्ल, उपेन्द्रसिंह मल्ल, अच्युतसिंह मल्ल, लक्ष्मी नरसिंह मल्ल, जय नारायणसिंह मल्ल थियो। रणजित मल्लले उक्त सात बहाल आफ्ना सात राजकुमारहरूलाई दिएका थिए। यी सात बहालहरूमध्ये दुई बहाल, दथु बहाल तथा थथु बहालको निर्माण भने पहिल्यै भइसकेको ऐतिहासिक प्रमाण पाइन्छ। यी बहालको

निर्माण जितामित्र मल्लको पालामा भइसकेको देखिन्छ। उक्त कुरा मध्यकालीन धर:पौले प्रमाणित गर्छ। मल्लकालमा लिखित एक धर:पौमा 'श्री श्री जय जितामित्र मल्ल नं दथु वाहार तेरा सम्वत् ७९७ भाद्र पद शुद्धि १' (राजवंशी, २०२४, पृ. ३६९) भन्ने वाक्यमा दथु बहालको प्रसङ्ग उल्लेख गरिएको छ। त्यस्तै सोही धर:पौको अर्को एक घटनावलीमा थथु वाहारको पनि उल्लेख छ। उक्त धर:पौमा सो बहालको प्रसङ्ग यसरी गरिएको छ – 'श्री श्री सुमतिजय जितामित्र मल्ल जुजु नं दुकायाव गृह प्रवेश याङा या धरत ॥ सम्बत् ७९८ आषाढ शुदि १४' । यसरी यी दुइटा बहाल रणजित मल्लकालीन बहालभन्दा थप एक शताब्दी पुराना देखिन्छन्। यसरी पहिले बनिसकेका केही बहालहरूमा अन्य बहालको थप निर्माण गरी रणजित मल्लले आफ्ना छोराहरूका लागि आवासगृहको प्रयोजनमा ल्याइएको देखिन्छ। मध्यकालीन अन्य धर:पौहरू (बज्राचार्य, २०५३, पृ. ७, ४२, ६८, ८०, ४३९) तथा विभिन्न घटनावलीमा (बज्राचार्य, २०२४, पृ. १११, ११२) वाहा, वाहार, वाहाल आदिको उल्लेख गरिएको पाइएको छ। यसका आधारमा बहाल राजाका निकटका मानिसहरूको निवासका निम्ति बनाइएका वास्तु संरचना भएको प्रमाणित हुन्छ। यी बाहार वा बहाल शब्दबाहेक पुर वाहार, क्वाथ बाहार, एरिन इछु वाहार अन्य ऐतिहासिक घटनावली (राजवंशी, २०२४, पृ. १०) र भक्तपुरका विभिन्न स्थानका नामहरू लेख्ने क्रममा उल्लेख भएका छन् (वैद्य, २०६१)।

त्यसैगरी पृथ्वी नारायण शाहद्वारा भक्तपुर कब्जा भएपछि लुटिएका सामग्रीको फेहरिस्त तयार गरिएको (वैद्य, २०२८, पृ. ८१–१०२) मा लुगाफाटा तथा विविध सामग्री उल्लेख गरिएको छ; जसमा जामा, साडी (पटासी) पगरी, धोती, पेटी, लबेदा लहङ्गासहित विविध पहिरनका बारेमा जानकारी दिइएको छ। तीबाहेकका सामग्रीमा षाता (खाट), आसन, बिछ्यौना, ढाल तथा अन्य थुप्रै सामग्री उल्लेख छ। उक्त सामग्रीहरूको त्यति बेलाको प्रचलित बजार भाउ वा अन्दाजी हिसाबले सबै वस्तुको मूल्यसमेत राखिएको छ। उक्त टिपोटमा विभिन्न ठाउँमा वि.सं. १८२६ मङ्सिरदेखि पुससम्मका मिति टिपिएको छ। सो टिपोट गरिएको विवरणमा 'सात बाहालको माल' भनी २१ पाना (वैद्य, २०२८, पृ. ८१–१०२) र 'अबधुत सिंह (रणजित मल्लको छोरा) सुत्याको कोठाको माल' (वैद्य, २०२८, पृ. ५१, ५२) भनी भक्तपुर दरबारभित्रकै कोठाहरूमा उनको नाम उल्लेख गरेको पाइन्छ। यसबाट तत्कालीन शासकद्वारा अबधुतसिंलाई उच्च अधिकार दिइएको देखिन्छ। साथै बहालमा मात्र नभएर राजदरबारभित्र समेत सुत्ने कोठा मिलाइएकाले उनी दरबारका समेत विश्वासपात्र रहेको देखिन्छ। रणजित मल्लका निकटका सहयोगी गरुड नारायण गोंगलले एक ऐतिहासिक टिपोटमा पनि केही बहाल र उनका रानीहरू तथा केही छोराहरूको कुरा पर्न आएको छ। धनजुजुको वाहाल (श्रेष्ठ, २०७६, पृ. ६४) भनी एक ठाउँमा र अन्य प्रसङ्गमा धनजुजु (धनसिंह मल्ल), डाटिम्हे जुजु (अच्युत सिंह) र मेल डाटी (श्रेष्ठ, २०७६, पृ. ३३, ४५) गरेर तीनोटा छोराको विशेष चर्चा गरेको छ। त्यस्तै डाटिम्हे जुजु (अच्युत सिंह) मरेको (श्रेष्ठ, २०७६, पृ. ३३) पनि उल्लेख गरेका छन्।

भक्तपुर राजदरबारबारे चर्चा गर्दा कुनै समय भक्तपुरमा भव्य उनान्सय चोक रहेको इतिहास देखिन्छ (पुरातत्त्व विभाग, २०६६, पृ.१०,१५); (वैद्य र श्रेष्ठ, २००२, पृ. २८), जुन हाल बिसबाइस चोकमा परिणत भएको छ। तीमध्येकै पुरानो (इ.सं.१३२४) तलेजु मन्दिरभित्रको मूलचोक (कर्न, १९९८, पृ. ५८) को चर्चा यहाँ सान्दर्भिक हुन आउँछ। यो सबैभन्दा पुरानो मल्लकालीन भौतिक अवशेष हो, जसलाई चारैतिर दुईतले तलेजु भवानीको मन्दिरले घेरिएको छ। दरबार वास्तुकलामा महत्त्वपूर्ण मानिने यस्तै चोकका आधारमा अन्य चुकः, बहाल, ननी, लाछि यिनै शैलीलाई आधार मानी विस्तार हुँदै गएको देखिन्छ। यो भक्तपुर राजदरबारकै सबैभन्दा ठुलो चुकः पनि हो। यसको चुकः मात्र करिब एक रोपनीमा फैलिएको पाइन्छ। मल्लकालीन शासकहरूले आफू निकट मानिसहरूको बसोबासका निम्ति फराकिला चोकसहितको वास्तुशैलीको निर्माण गरी तिनमा आवश्यक भौतिक सुविधासहित व्यवस्थित गराएर बसाउने गरेको देखिन्छ। यसरी भक्तपुरका बहालको ऐतिहासिकताको अध्ययन गर्दा रणजित मल्लले आफ्ना

छोराहरूका लागि बहालहरूको व्यवस्था वा निर्माण गरेको देखिन्छ। तर सोभन्दा अघि राजा जितामित्रको पालादेखि नै यस्ता बहाल निर्माण गरेर निजी निवासका रूपमा प्रयोग गर्ने परम्परा रहेको कुरा ऐतिहासिक प्रमाणहरूका आधारमा देखिन्छ। थप अनुसन्धान गर्न सकिए यसको ऐतिहासिकतालाई अझ अघि लान सकिने सम्भावना देखिन्छ।

## भक्तपुरका मल्लकालीन सात बहालहरू तथा तिनको वर्तमान अवस्था

भक्तपुरमा रहेका सात बहालहरूको माथि उल्लेख भएको अध्ययन विधिअनुसार अध्ययन गरेर त्यसको परिणामलाई एकएक गरेर यहाँ प्रस्तुत गरिएको छ । स्थलगत अवलोकन गरी ती बहालका वास्तु संरचनाको वर्तमान भौतिक अवस्थाको वर्णन गरिएको छ।

### थाथु बहाल

यो बहाल खौमा क्षेत्रको दक्षिण र भक्तपुर राजकुलको पश्चिम ढोकाबाट दक्षिण पश्चिम कुनामा पर्छ। हाल पनि यहाँका अधिकांश घरहरूमा रणजित मल्लका सन्ततिहरू रहँदै आएका छन् । तर मौलिक स्वरूपका घर भने निकै कम बाँकी छन् । थाथुबहालको वास्तुकलामा जमिन तल्लामा दलान, पहिलो तल्लामा टिकिझ्यः (आँखीझ्याल) वा एकमुखी झ्याल र दोस्रो तल्लामा विमान/साझ्यःहरू छन् । तेस्रो तलामा भने भित्र बुइँगल हुने गरी भिराला छानाहरू छन्। अन्य बहालको तुलनामा यसमा निकै कम कलाको प्रयोग भएको देख्न सकिन्छ।

यहाँको चुकः अन्य बहालको भन्दा निकै ठुलो (११मी.×१२.७मी.) छ। यो चुकःमा अझै पनि पुरानै चिक अपाः (तैलीय इँटा) बाँकी रहेको छ। यी चुकः घेरिने घरका मोहडाहरू करिब चार इन्च जति भित्रबाहिर गरेर बनाइएका छन् । भवनको आकारप्रकार मौलिक रहे तापनि झ्याल, ढोकाहरू थपघट भएको देखिन्छ। मुख्य चुकः पट्टिको एक मोहडा राणाकालीन समयमा फेरिएको अहिलेको साविकको भवनको आकृतिले देखाउँछ। यो बहालमा रणजित मल्लका सन्ततिमध्ये विज्ञान बहादुर मल्लका दुई छोरीहरू बस्दै आएका छन् । यसमा करिब नब्बे वर्षअगाडि विवाहको निम्ति भवनको मोहडा फेरेर अङ्ग्रेजी शैली/राणाकालीन झ्यालहरू राखिएको पाइन्छ (सोही बहाल निवासी आनन्द लक्ष्मी मल्लसँगको अन्तर्वार्ताअनुसार) । तर भित्रको संरचना भने मौलिक नै रहेका छन्। यो भवनभित्र गारोमै बनाइएको तख्ता अझै देख्न पाइन्छ।

दक्षिणतर्फको पूरै र पूर्वपट्टिको करिब असी प्रतिशत भागमा अब मौलिक घरहरू बाँकी छैनन्। किनकि यसको एउटा भागमा हाल 'ख्वप छें' नामको भवन पुनर्निर्माण गरिएको छ। पुनर्निर्माण गर्दा भित्र ढलान र बाहिर दाची अपा लगाइएको छ। पूर्वपट्टि बाँकी एक मौलिक अंशको ढोका सर्वसाधारणको घरको भन्दा निकै ठुलो रहेको छ। बहालभित्रको पश्चिम भागको एक झ्याल पनि खस्ने क्रममा छ। यस बहालका लागि इनार भने मुख्य चुकःको दक्षिण पश्चिमको चुकःमा रहेको छ । यो बहाललाई विज्ञान चुकः पनि भनिन्छ (सोही बहाल निवासी गोविन्द मल्लसँगको अन्तर्वार्ताअनुसार)। रणजित मल्लकै सन्तति विज्ञान बहादुर मल्लको बसोबास पहिले यही चुकःमा भएकाले उक्त नाम पछिल्लो कालमा राखिएको हो।

### सन्तनु बहाल र दुबसी बहाल

यी दुइटा बहाल खौमा र थाथुबहालको दक्षिणपट्टि पर्दछन्। हाल रणजित मल्लका सन्ततिहरू यहाँ बस्दैनन्। यहाँका केही घरहरू पूर्ण रूपमा नष्ट भइसकेका छन् । अहिले केही कलाकृति मात्र बाँकी छन् तथा संरक्षणको अभावमा अस्तव्यस्त देखिन्छन्। अन्य बहालमा जस्तै यस बहालमा पनि जमिन तल्लामा दलान, पहिलो तल्लामा टिकिझ्याः (आँखीझ्याल) तथा दोस्रो तल्लामा विमान/साँझ्यःहरू छन्। यी दुवै बहालमा इनार, सानो नासद्योका प्वालहरू तथा पुरानो घोडा बाँध्ने थाम वा किलाहरू अझै पनि बाँकी नै छन्।

दुबसी बहालको चोकको नाप ८.७मी.×१०.२५मी. र सन्तनु बहालको ९.४०मी.×१०.३३मी. रहेको छ । दुबसी बहाल र सन्तनु बहालका काठका संरचना र बुट्टाहरूमा थुप्रै समानता देख्न सकिन्छ। झ्यालहरूको प्रकार, नाप,

अनुपात उस्तै शैलीका भए पनि बुट्टा नगन्य मात्रामा छन्। यसको निर्माण रणजित मल्लको पालामा भएको मानिन्छ। अन्य बहालजस्तै यसको निर्माण पहिल्यै बनेको प्रमाण हालसम्म भेटिएको छैन । सायद कम समयमा बनाउनु परेकाले पनि साधारण झ्यालढोकाहरू राखेर बनाएको हुनुपर्छ । यी दुवै बहालको चुकः एक/एक मात्र छन् । दुवै चुकःको, दुवसी बहालको एक र सन्तनु बहालको दुई मोहडाका पुराना केही अंश बाँकी छन्। दुवै चुकको एक/एक मोहडा करिबकरिब उस्तै छ। यसको विशेषता पहिलो तल्लामा बिचमा ठुलो एकमुखी झ्याल र त्यसको दुईतिर ठुलाठुला आँखीझ्यालहरू छन् । यसमा मुख्य आकर्षणका रूपमा पाँचमुखे विमान झ्यालहरू छन् । पहिलो तल्लाको एकमुखी झ्याल अरूभन्दा ठुलो छ । आँखीझ्यालहरू पनि वर्गाकार र ठुलाठुला छन् । प्रायः मल्लकालका आँखीझ्यालका चौकोस र झ्यालमै पाइने कलात्मक बुट्टा भने यिनीहरूमा पाइँदैनन्। बरु बिचको एकमुखी झ्यालको चौकोसमा सामान्य बुट्टाहरू देखिन्छन्। दोस्रो तल्लाको विमान झ्यालमा पनि चौकोसमा सामान्य बुट्टा झ्यालको कोटामा एक मयुराकृति रहेको छ। वि.सं २०७२ को भूकम्पपछि वि.सं २०७४ सम्म जीर्ण भए पनि पश्चिम, दक्षिण तथा पूर्वी केही भाग बाँकी थियो। अहिले केही पूर्ण ढलिसके भने केही धरापका रूपमा बाँकी छन्।

### *दथु बहाल*

दथु शब्दले नेपाल भाषामा बिचको भन्ने अर्थ बुझाउँछ। नामले भने झैँ यो बहाल अहिलेको लायकु (दरबार क्षेत्र) र टौमढी टोलको बिच भागमा अवस्थित छ। टौमढीको ङातापोल मन्दिरको दक्षिणपश्चिम कुनाबाट पश्चिमतिर लाग्ने उकालोलाई बहतँ भन्ने गरिन्छ। त्यही उकालोको उत्तर भागमा यो बहाल रहेको छ। सोही बहालमा अझै पनि रणजित मल्लकै एघारौँ पुस्ताका सन्ततिहरू बसोबास गर्दै आएका छन् (सोही बहालका बासिन्दा योगेन्द्र भुपाल प्रधानाङ्गसँगको अन्तर्वार्ताअनुसार)। यस बहालमा करिब १०/१५% मात्र मौलिकस्वरूप बाँकी रहेको छ। मध्यकालीन धरपौःका आधारमा हेर्दा जितामित्र मल्लको पालमा (ने.सं. ७६७) यसको निर्माण भएको देखिन्छ (राजवंशी, २०२४)। अतः रणजित मल्लले आफ्ना छोराहरूमध्ये एक छोरालाई सो बहाल दिइएको भनिए तापनि यसको निर्माण भने उनीभन्दा निकै अगाडि भएको देखिन्छ। अन्य बहालभन्दा बिल्कुलै भिन्न किसिमको वास्तुकलासहितको उक्त बहालका केही काष्ठकला ललितपुरका शिल्पकारहरूले बनाएको भनाइ छ (सोही बहालका बासिन्दा योगेन्द्र भुपाल प्रधानाङ्गसँगको अन्तर्वार्ताअनुसार) । 'भक्तपुर' नामक पुस्तकमा सो बहाल पुनर्निर्माण गर्नु अघिको वास्तुकलाको चित्र देख्न पाइन्छ (स्क्रिब्लर, इ.सं. १९८८)। पहिलाकै कलाकृति यस बहालमा कायम गर्न सकिएको भए उक्त बहाल एउटा बेजोड नमुनाका रूपमा रहने थियो। अन्य बहालभन्दा पृथक वास्तुकला भएको यो बहाल पहिले बुइँगलसमेत गरी चार तल्लाको थियो। मल्लकालको अन्तिम समयमा सबै मल्ल राजा निकटका व्यक्तिहरू लखेटिएका थिए । सोही क्रममा रणजित मल्लका केही छोराहरू उनीसँगै काशी गए भने कोही कैदमा परे । पछि पेसा परिवर्तन गर्ने सर्तमा सो बहाल फिर्ता पाए। त्यस बेलादेखि वैद्यको काम गर्दै आएको दथु बहालबासी मल्लहरूको भनाइ छ। अन्य आयस्रोत तथा जग्गा जमिन पनि जफत गरिएकाले उनीहरूको आर्थिक अवस्था कमजोर हुँदै गएको थियो। सोही कारण घरको मर्मतसम्भार गर्न नसकेको र विस्थापितसमेत हुनुपरेको पनि उनीहरू बताउँछन्। हाल बहतँःको सानो एक भागबाहेक सबै अग्लाअग्ला कङ्क्रिटका भवन बनिसकेका छन् । संरक्षणको नाममा केही थामहरू र पासूका झ्यः मात्र बाँकी छन्। जुन अन्य बहालमाभन्दा विशेष छ। केही कलात्मक काष्ठकलाहरू भवनमा प्रयोग नगरी सजावटका रूपमा रेष्टुरेन्टमा राखिएका छन्।

दथु बहालका झ्यालहरूको छुट्टै विशेषता भेटिन्छ। यसको मौलिक भवनमा एक, तीन र पाँच मुखी पासूका झ्यालहरू थिए, जुन हाल बाँकी छैनन्। पासूका भन्नाले विशेष तान्त्रिक डोरो हो, जुन पाँच रङको धागाले बनाइन्छ। नाम जस्तै पासूका झ्याल लामो तर उचाइ कम भएका हुन्छन्। झ्यालका रूपमा खुल्ला भाग कम भए पनि निकै

कलात्मक हुन्छन्। प्रायः मठमन्दिरमा मात्र यस्ता झ्यालहरू प्रयोग गरिन्थे । यो बहालको चुकः भित्रका प्रायः चारै मोहडामा उक्त झ्याल प्रयोग गरिएका थिए । चुकःको दक्षिणपश्चिमको एक कुनाको सानो अंश, जसको मूल ढोका पुरानै देखिन्छ । त्यसमा पनि माथिका तल्लाका झ्यालहरू फेरिइसकेका छन् । दोस्रो तल्लाको भने केही पनि मौलिक अंश बाँकी रहेन ।

## *कुथु बहाल*

कुथु भन्नाले होचो भाग वा पुछार भनेर बुझिन्छ। नामले भनेझैँ यो बहाल भक्तपुर दरबार क्षेत्रको सबैभन्दा पश्चिम वा पुछारको भेगमा पर्छ । खौमाबाट वंशगोपाल जाने बाटोमा लहरै कलात्मक, मल्लकालीन घरहरू रहेका छन्, जसलाई कुथु बहाल भनिन्छ। यी बहालअन्तर्गत तीन/चारोटा चुकःहरू पर्न आउँछन् । यी बहालको एक भागमा हाल मेधा मा.वि.ले भवन पुनर्निर्माण गरिसकेको छ । भौतिक अवस्था हेर्दा जीर्णोद्वार गरी बस्न मिल्ने भए पनि केही डरलाग्दा किम्बदन्तीका कारण ती वास्तु संरचना पूरै भत्काएर बनाउने प्रयोजन रहेको पाइन्छ।

एउटा चुकःमा त अझै पनि पुरानै शैलीको दलान (जहाँ भजन समेत गरिन्छ) र कलात्मक झ्यालहरू बाँकी नै छन् । यसको बाहिर बाटोपट्टिको मोहडा भने पूरै परिवर्तन भइसकेको छ; जहाँ पहिले निकै सुन्दर मोहडाका साथै चुकः छिर्ने दलानमा समेत बस्न मिल्ने काठको संरचना रहेको स्थानीयबासी (रामगोपाल चौगुथी) सम्झन्छन् । यो बहालभित्रै गणेश, नारायण, इनार, धान/चिउरा कुट्ने साधन, घोडा बाँध्ने ढुङ्गाको थाम वा किला छ। त्यहाँ हाल बसोबास गर्दै आएका एक बासिन्दाका अनुसार चुकःको इँटा मौलिक नै बाँकी रहेको छ। अहिलेसम्म पनि इँटाको धेरै भाग ओस लाग्ने खालको छैन (रामगोपाल चौगुथीका अनुसार) । यस बहालका केही झ्याल र थाम माथिका बुट्टाहरू बेजोड खालका छन्। एकापट्टि त पाँचमुखी झ्याल नै दुई तल्लाको रहेको छ। यो झ्यालका प्रत्येक खापाहरूमा सिंहको आकृति देख्न सकिन्छ। मल्लकालका अधिकांश टिकिझ्याः वर्गाकार देखिन्छन्, तर तपालाछितर्फ बाँकी अंशमा जमिन तल्लामा दुइटा र पहिलो तल्लामा तीनोटा ठुलाठुला आयाताकार टिकिझ्याःहरू छन् ।

भक्तपुरको तपालाछिबाट लस्कद्यो (लोकेश्वर) जाने गल्लीमा कुथु बहालको एकभाग अझै पनि मौलिक रूपमा बाँकी छ। यो बहाल तेह्रचौध भागमा विभाजन भइसकेको छ । हाल यहाँ रणजित मल्लका सन्ततिहरूको बसोबास छैन । विभिन्न समयमा बेचिँदै धेरै थरिका मानिसहरूको बसोबास हुँदै आएको पाइन्छ । पहिले यहाँ कलात्मक खालको आगंछेँ पनि थियो, जुन हालसालै भत्काइएको स्थानीय कृष्ण प्रधानाङ्गको भनाइ छ । मोहडाका भित्ता चार इन्चजति अगाडिपछाडि पारेर बनाइएका छन्। पहिलो तल्लाका दुईपट्टिका दुई एकमुखे झ्यालमा कामकलाका दृश्य कुँदिएको छ; जुन सामान्यतया मन्दिरका टुँडालमा मात्र कुँदिन्थे । झ्यालको दुईतिर राधा र कृष्ण कुँदिएका छन्। तलपट्टि मयुर र माथिपट्टिको सिङमा ड्रागन कुँदिएको छ। आँखीझ्यालको बुट्टा इँट आकारका छन् ।सानासाना आँखीझ्याल जुन वर्गाकार छन्, ती पनि अलि विशेष छन् । वर्गाकार झ्यालको बिचमा गोलाकार डिजाइनमा आँखीझ्याल कुँदिएका छन् । सन्तनु र दुबसी बहालमा जस्तै दोक्छेतिरको घर मा कम बुट्टेदार झ्याल/ढोका छन्। त्यसको ठिक विपरीत तपालाछितर्फकोमा मिहीन बुट्टादार झ्यालहरू छन्। पहिलो तल्लाको तीनमुखी झ्यालको बुट्टा पनि विशेष छ। यसको झ्यालकोटाको बिचमा मयुराकृत र छेउमा मानव आकृति पनि छ।

## *नासमना बहाल*

रणजित मल्लका सात छोराहरूलाई बनाइदिएका बहालहरूमध्ये हाल सबैभन्दा कम मौलिक स्वरूप बाँकी रहेकोमा यो बहाल पर्छ। नासमना चोकबाट खौमा जाने गल्लीको पश्चिमपट्टि रहेको यो बहालमा तीन सानाठुला चोकहरू छन्। रणजित मल्लका सन्ततिहरूमध्ये यो बहालमा बस्ने खलकका छोरीहरू मात्र भएपछि मासिँदै गएको हो (सोही बहाल निवासी बलभद्र मधिकर्मीसँगको अन्तर्वार्ता–अनुसार) । हाल बाँकी रहेको मौलिक स्वरूपमा रहेको एकमुखे झ्यालको आकार अन्य मल्लकालीन एकमुखे

झ्यालका तुलनामा निकै ठुलो छ। सोही अंशमा एकदमै साधारण दुई टिकिझ्यःहरू देखिन्छ। त्यहीँ थोरै बाँकी भागको भित्र चुकःतिर रहेको दलान र टिकिझ्यःले भने यहाँ पहिले अन्य बहालहरूमा झैँ कलात्मक घरहरू हुनुपर्ने देखाउँछ। अहिले यस ठाउँमा विभिन्न कालखण्डमा पुनर्निर्माण भएका घरहरू देख्न सकिन्छ। पहिले चुकःहरूमा जानका निम्ति लाँबो (घरमुनिबाट छिर्ने सानो गल्ली) हरू भएकोमा अहिले एउटा चुकमा चारैतिरबाट ढोका बनाएर बन्द गरिएको छ। यस बहालमा मध्यकालीन निसानीका रूपमा एउटा इनार मात्र बाँकी छ।

## *खौमा बहाल*

विभिन्न ताडपत्र र शिलालेखमा खौमा टोलको उल्लेख पाइन्छ। खौमालाई विभिन्न ताडपत्रमा खनिमा (ने.सं. ६५३, ८३३, ८३६) खनिमम (ने.सं. ६८०, ८२० र ८२२), खनिमं (८२०), खलमा (८३२), खौमा (८८८) भनेर समेत उल्लेख भएको पाइन्छ (राज, २०६१, पृ. ३)। यी ताडपत्रहरूमा बहालको उल्लेख नभए तापनि यस क्षेत्रमा बस्ती भने निकै पहिलेदेखि भएको देखिन्छ। बस्ती भएका कारण सातै बहाल एकै स्थानमा बनाउन ठाउँ नपुगेर पनि केही परसम्म निर्माण गरिएको हुन सक्छ। हालको भक्तपुर दरबार क्षेत्रको पश्चिमको सेतो ढोकाबाहिर धेरै कलात्मक भवनको लामो लहर छ; जसलाई खौमा बहाल भनिन्छ। यस बहालअन्तर्गत एउटा ठुलो खौमा बहाल र सानासाना चुकःहरू छन्। ती सबै चुःकहरूमा पनि कलात्मक झ्यालढोका देख्न सकिन्छ। सात बहालहरूमध्ये कुनै पनि बहालको पूर्ण अंश जस्ताको तस्तै बाँकी रहेन। सबैभन्दा बढी अंश तथा बढी कलात्मक हिसाबले खौमा बहाल मात्र छ।

खौमा बहालको ठुलो चुकः ७मी.×८.५मी., सानो ६.१२मी.×७.०मी.को रहेको छ। यसलाई घेरिएका घरहरू बुइँगलसमेत चार तल्लाका थिए। हाल भने कतै चार, कतै पाँच तला पनि देखिन्छन्। घरको उचाइ लगभग १० मी. सम्म छ। त्यसकारण जमिन तलासम्म घाम नछेक्ने हिसाबले बनाइएको देखिन्छ। त्यसका लागि खुल्ला ठाउँको चौडाइ तथा भवनको उचाइले प्रभाव पर्ने हुन्छ; जुन चिज त्यति बेलै ख्याल गरिएको देखिन्छ। लाँबो बाटोमा पर्ने ठाउँलाई साझा रूपमा प्रयोग गर्न मिल्ने गरी खुल्ला राखिएको छ। तर माथिल्लो तलादेखि भने निजी प्रयोजनमै प्रयोग गरिएको छ। भवनको एउटा मोहडा बाटोतर्फ र अर्को मोहडा चुकःतर्फ बनाइएको छ। यस बहालको चुकः अन्य बहालका तुलनामा निकै सानो भएका कारण यसमा घाम पनि कम लाग्ने गरेको देखियो। साथै अन्य बहालमा झैँ सामाजिक क्रियाकलाप खासै देखिएन। बिचमा भएको इनार भने अझै प्रयोग भएको पाइयो।

खौमा बहालको उत्तर मोहडाको लहर अहिलेसम्म बचेको र कम फेरिएको (minimum intervention) मा पर्छ; नभए अधिकांशमा या त मोहडा फेरिएको वा पुनर्निर्माणै भइसकेको अवस्था छ। बचेको भागको मोहडातर्फ सबैभन्दा महत्त्वपूर्ण तथा मूल्यवान् झ्यालढोका छन्। जमिन तल्लामा जम्मा चौबिस ओटा कबल (दबथ) मा थामहरूले थामेको खुल्ला पाली पहिले थियो होला। हाल हरेकमा ढोका राखेर पसल कबल बनाइएको छ। चोकतिर पनि धेरैजसो खुल्ला दलानै थिए। अहिले भित्र कोठाका रूपमा प्रयोग गर्न इँटाको गारोले टालिएका छन्। यस बहालको पश्चिमतिर पुराना मौलिक ठुलाठुला ढोकाहरू बचेका छन्, जुन सामान्य घरमा भन्दा निकै ठुलो छ। पहिलो तलामा उत्तरतर्फ पूरै मोहडामा ठुलासाना बाह्रओटा टिकिझ्याःहरू छन्। एउटालाई फेरेर एकमुखी झ्याल र ाखिसकेको छ। तर भित्र चुकतर्फ भने पहिलो तल्लामै एकमुखी झ्याल तथा संझ्याःहरूको संयोजन पनि देख्न सकिन्छ। खौमा बहालकै चुकःको पश्चिम खण्डमा ठुलो टिकिझ्याःको केही अंश बाँकी छ। त्यस चुकःको चारैतिर केही झ्यालढोकाहरूमा मात्रै त्यस बेलाको मौलिकता बाँकी छ।

दोस्रो तलाको एकातिर एघारमुखी तथा अर्कोतिर तेह्रमुखी झ्याल अन्यत्र सायदै देख्न पाइन्छ। यी काष्ठकलाका नमुना हुन्। यो तल्लामा करिब नब्बे प्रतिशत मोहडा ओगटेको झ्याल साढे तीन फिटजति गारोभन्दा बाहिर निकाली बनाइएको छ। यसरी बाहिर प्रोजेक्सन निकाल्न पनि काठकै संरचनाले मदत गरेको देखिन्छ। गारोको लाइनमा

जोडी थामहरू दिएर झ्याललाई बाहिर निकालिएको छ; जहाँ अधिकांशले बस्न र सुत्नसमेत मिल्ने बनाइएका हुन्थे, तर यहाँ त्यो खालको संरचना देखिएन।

## *छलफल*

लक (इ.सं.१९८५) ले काठमाडौं उपत्यकाका बौद्ध बहा/बहीहरूकोसंरचना प्रायः केन्द्रमा वर्गाकार वा आयताकार चुकः हुने र वरिपरि विभिन्न भवनहरू र कोठाहरू व्यवस्थित हुन्छन् भनेका छन्। चुकःको केन्द्रमा सामान्यतया एउटा सानो चैत्य वा देवमन्दिर हुन्छ; जुन एक मण्डलको अनुकरण जस्तै हो (लक, इ.सं.१९८५)। गुट्सो (इ.सं. २०११) ले भने बहालहरूको संरचनाको कुरा गर्दा कुनैमा एउटा त कुनैमा त्योभन्दा बढी चुकःहरू हुने तथा बनौटका अन्य चीजको पनि कुरा गरेका छन्। उनले चुकःहरूको नाप फरक हुने तथा फरक कालखण्डमा काष्ठकलाका बुट्टा थपिएको समेत बताएका छन् (गुट्सो, इ.सं. २०११)।

प्रस्तुत सातोटा बहाल तथा भक्तपुरका केही हिन्दु बहालहरूको बौद्ध बहालसँग संरचनागत तुलना गर्दा बिचका चुकः र चारैतिरका भवनका आकारहरू समान देखिएका छन् । निर्माण सामग्री र प्रविधिसमेतमा धेरै समानता रहेको देखिन्छ। तर यहाँ बौद्ध क्रियाकलाप हुने मूर्त र अमूर्त कुनै सम्पदा पाइएन। बौद्ध बहालहरू दुई तला (केहीबाहेक) का मात्र हुन्छन् भने यी बहालहरू चार तलाका पाइए। तला मात्रै नभएर दरबारको वास्तुकला र हिन्दु बहालको आकार पनि धेरै ठुलो हुने गर्छन् । तला बढाएर पनि जमिन तलासम्म घाम नछेकिने गरी चुकःको चौडाइ राखेको देखिन्छ। दरबारको वास्तुकला राजकीय स्तरका हुने भएकाले मल्लकालीन दरबार नमुनाका रूपमा रहेका छन्। समुदायका बारेमा भन्नुपर्दा बौद्ध बहालहरूमा बौद्ध धर्ममा आस्था राख्ने शाक्य, बज्राचार्यहरू बस्छन् भने हिन्दु बहालहरूमा मल्ल तथा प्रधानाङ्गहरू (जो मल्ल राजाका सन्तति दाबी गर्छन्) बसोबास गर्छन् तथा सोही अनुरूप देवता राखिन्छ।

यसरी बौद्ध बहाल र हिन्दु बहालका समानता र भिन्नता विश्लेषण गर्ने क्रममा कुन वास्तुकला कहिले सुरू भयो वा कुनको पहिले विकास भयो भन्ने प्रश्न उठ्न सक्छ। राइट (इ.सं. २०१९) का अनुसार मल्लकाल अगाडिका काठमाडौँ उपत्यकाका शासकहरू बौद्ध बहाल संरक्षक थिए, त्यसैले बौद्ध बहाल पहिलेको अवधारणा हुन सक्छ। विशेष गरी मल्लकालीन दरबारहरू १५ औँ–१८ औँ शताब्दीमा बौद्ध बहालको अवधारणा विकास भएको हुन सक्छ (राइट, इ.सं. २०१९)। लुम्बिनी र अन्य बौद्ध पुरातात्त्विका स्थानमा गरिएको अनुसन्धानमा विहारका यस्तै प्रकारका अवशेष पाइएकाले यो कुरा सही पनि हुन सक्छ। पछिल्लो कालमा आएर मल्ल राजाहरूले बहाल, बहीको जिर्णोद्धारका क्रममा यहाँ थुप्रै राजकीय स्तरका अवयवहरू थपिएको राइट (इ.सं. २०१९) ले उल्लेख गरेका छन्। गुट्सो (इ.सं. २०११) का अनुसार भने दुवै संरचनाहरू प्राचीन ग्रन्थ/वास्तुशास्त्रबमोजिम मण्डलाका आधारमा बनेका हुन्।

मल्लकालीन सात बहालको ऐतिहासिकता तथा वास्तुकलालाई उजागर गर्न यस लेखले मदत गरेको छ। उच्च प्रविधि अपनाएर भव्य वास्तु संरचनाको निर्माणका साथै आवश्यक पानीको स्रोत, तबेला, ढिकी, जाँतो आदि वस्तुको व्यवस्थापन निजी चोक एउटै घेरा वा परिधिभित्रै निर्माण गरी मध्यकालीन शासकहरूले आफ्ना निकटका मानिसहरूको सुविधाका निम्ति बहाल अथवा आवासगृह बनाउने परम्परालाई यसले सङ्केत गरेको छ । यसले मल्लकालका राजकीय स्तरका भव्य आवासीय भवनहरूको भौतिक अवस्थासमेत प्रस्ट्याएको छ। कालान्तरमा मल्ल शासकका सन्ततिहरूले यी बहालहरू बेच्ने वा छोड्ने गरेका कारण वर्तमान समयमा धेरै कम मात्रामा यिनको मौलिक स्वरूप बाँकी रहेको देखिन्छ र तिनका खुल्ला चोकको प्रयोजन पनि समयअनुसार परिवर्तन हुदैँ गएको छ। तर पनि यी बहालका कतिपय अंश मध्यकालीन सम्पदाका रूपमा अझै पनि जीवन्त देखिन्छन्। यिनको वास्तुसंरचना, कलात्मक झ्याल, ढोका, थामहरूले मध्यकालीन लौकिक कलावास्तुकलाको बेजोड नमुनालाई उजागर गर्दछ।

## *निष्कर्ष*

बहाल भन्नाले राजकीय स्तरका निजी आवास भएको

पुष्टि हुन्छ। भक्तपुरका अन्तिम राजा रणजित मल्लले आफ्ना ल्याइतेपट्टिका सात छोरालाई राजकीय सम्मानसहित सम्पूर्ण सुविधायुक्त दरबार क्षेत्र वरपर आवासगृह वा विहार बनाई तिनलाई स्थापित गराएको पाइन्छ। रणजित मल्लले आफ्ना छोराहरूलाई उक्त व्यवस्था गर्नुअघि पनि यस प्रकारका सुविधासम्पन्न बहाल बनाई आफ्ना निकटका व्यक्तिहरूलाई दिने वा व्यवस्थित गराउने परम्परा रणजित मल्लभन्दा अघिदेखि नै प्रचलित रहेको जितामित्रको समयमै निर्माण भइसकेका बहालले प्रमाणित गर्दछन्। दरबार वास्तुशैलीका ढाँचामा एक वा एकभन्दा बढी चोकहरू, तिनमा इनार, ढुङ्गेधारा, ढिकी जाँतो, घोडा बाँध्ने तबेला आदिको व्यवस्थासहित निर्माण गर्नुले तत्कालीन समयमा तिनलाई दरबारबाहिर रहे तापनि दरबारसरहको सुविधासम्पन्न बनाई स्थापित गरेको पुष्टि हुन्छ। अर्कोतर्फ दरबार वास्तुकलामा प्रयोग गरिने सामानका विविध प्रकारका झ्याल, ठुलाठुला ढोका, थाम तथा तिनमा अङ्कित भव्य कलाकृतिले ती आकारमा दरबारका समान नभए पनि अन्य सामान्य आवासगृहभन्दा भिन्न विशिष्ट आवासगृहका रूपमा निर्माण गरिएको तथ्य उजागर गर्छ। वर्तमान समयमा न्यून बहालहरूमा रणजित मल्लका सन्ततिको बसोबास रही समयको अन्तरालसँगै ती विभिन्न मानिसहरूको हातमा पुगी तिनको मौलिक शैलीमा निकै परिवर्तन आएको पाइन्छ। यद्यपि खौमा बहालजस्ता केही बहालमा विद्यमान मौलिक वास्तुशैली र कला अझै रहेकाले यसले मध्यकालीन बहालको विशिष्ट इतिहास स्पष्ट पारेको पाइन्छ। बहालसँग जोडिएका अर्मूत संस्कृति जोगाउन नसकिए पनि बाँकी रहेका बहालहरूलाई सके पहिलेको मौलिक स्वरूपमा नसके जेजति बाँकी छन्, तिनको मात्र संरक्षण गर्न सके मध्यकालीन लौकिक वास्तुकलाको अनुपम उदाहरणका रूपमा बहालको इतिहास जीवन्त रहने देखिन्छ

## *सन्दर्भ सामग्रीसूची*


कर्न, उल्फगाङ्ग (इ.सं. १९७६). *द ट्रेडिशनल आर्किटेक्चर अफ* द. काठमाडौं : रत्न पुस्तक भण्डार।

खतिवडा, सोम प्रसाद (२०७४). *नेपाली संस्कृति विश्वकोश*. जनता प्रसारण तथा प्रकाशन लि।

गुट्सो, निल्स (इ.सं.२०११). *आर्किटेक्चर अफ द नेवार्सः ए हिस्ट्री अफ बिल्डिङ टाइपोलोजिज एन्ड डिटेल्स इन नेपाल*. (भोल्युम २). ललितपुर : सेरिन्डिया पब्लिकेसन्स्।

नेपाल सरकार (२०६६). *भक्तपुर दरबार संरक्षित स्मारक क्षेत्रका वर्गीकृत स्मारकहरूको विवरण*. पुरातत्त्व विभाग।

बज्राचार्य, गौतमबज्र (२०२४). 'ऐतिहासिक घटनावली'. *पूर्णिमा*. (वर्ष ५, अङ्क २). संशोधन–मण्डल।

बज्राचार्य, चुन्दा (२०५३). *जितामित्र मल्लकालीन धरःपौ*. एसियाली अनुसन्धान केन्द्र, त्रि.वि.।

मुनंकर्मी, लिलाभक्त (२०४१). *नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन*. श्रीमती भवानी केशरी मुनंकर्मी।

राइट, ड्यानियल. (इ.सं. २०१९) *हिस्ट्री अफ नेपाल*. (अनुवादक शिव शंकर सिंह र गुनानन्द). हेरिटेज पब्लिशर्स।

राज, योगेश (२०६१). 'शिवगल, चनिगल एण्ड वान्डिमगल'. *प्राचीन नेपाल*. (१५६)।

राजवंशी, शङ्करमान (२०२४). 'भक्तपुरका मल्ल राजासँग सम्बन्ध राख्ने धरःपौ (लगत)का केही ऐतिहासिक सारांश'. *पूर्णिमा*. (वर्ष ४, अङ्क १). संशोधन–मण्डल।

राजवंशी, शंकरमान (२०२४). 'भक्तपुरका मल्ल राजासँग सम्बन्ध राख्ने धरःपौ (लगत) का केही ऐतिहासिक सारांश'. *पूर्णिमा*. (वर्ष ४, अङ्क ४). संशोधन–मण्डल।

लक, जोन के. (इ.सं.१९८५). *बुद्धिस्ट मोनास्ट्रिज अफ नेपालः ए सर्भे अफ द बहाज एन्ड बहिज अफ द काठमाडौँ भ्याली*. सहयोगी प्रेस।

वैद्य, जनकलाल (२०६१). *सिद्धयाग्नी कोट्याहुती देवल प्रतिस्थान*. नेपाल राजकीय प्रज्ञा प्रतिस्थान।

वैद्य, तुल्सिराम (२०२८). *पृथ्वीनारायण शाह –रणजित मल्लकालीन कागजपत्र*. एशियाली अध्ययन केन्द्र. त्रि.वि.।

वैद्य, तुलसिराम र श्रेष्ठ, पुरुषोत्तम लोचन (सन् २००२). *भक्तपुर राजदरबार*. सेन्टर फर नेपाल एण्ड एशियन स्टडिज्।

साइब्लर, जीओभानी (इ.सं. १९८८). *बिल्डिङ टुडे इन ए हिस्टोरिकल कन्टेक्स्टः भक्तपुर*. काठमाडौँ : रत्न पुस्तक भण्डार।

श्रेष्ठ, देविचन्द्र (२०७६). *भक्तपुरमा गोर्खाली हमला, गरुडनारायण गोंगलको सम्झना*. ललितपुर : जगदम्बा प्रकाशन।